ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक २६६
१४ जेठ २०८० बिहिबार
29 Jun. 2023, Thursday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान
खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

# माटोमै आरसिसी ढलान



**खबर दर्पण समाचारदाता**

**असार १३ गते, महेन्द्रनगर**

धनुषाको लक्ष्मीनियाँ गाउँपालिकामा न्यूनतम मापदण्ड पालनै नगरी सडक ढलान कार्य भइरहेको पाइएको छ। गाउँपालिका कार्यालय कार्यालय अगाडीको सडकमा माटोमै आरसिसी ढलान थालिएको हो। ढलान सुरु गरिएको सडकमा ग्राभेल नै ओछ्याइएको छैन । सडकलाई डोजरले सम्याएर त्यसैमाथि जथाभावी फलामे छड बिछ्याएको छ । अत्यधिक माटो मिश्रित गिट्टी र बालुवाले बाटो ढलान सुरु गरिएको हो ।

सोमबार रामेश्वर निर्माण सेवा, धनुषाधामले २५ मिटर पालिकको दक्षिण टाँसिएर रहेको सडक ढलान गरेको छ। स्थानीयले राम्ररी काम गर्न पटक पटक आग्रह गरेका थिए । तर ठेकेदारले वास्तै गरेनन् ।

'हिजो पटक पटक ठेकेदारलाई आग्रह गरे यसरी जथाभावी माटोमै ढलान नर्गुस् । सडकमा ग्राभेल ओछ्याएर राम्रो गिट्टी बालुवा प्रयोग गरी मात्र ढलान गर्नुस् । नत्र बाटो टिकाउँ हुँदैन' स्थानीय गणेश साहले भने 'तर ठेकेदारले कुनै वास्तै गरेन । हामी काममा बाहिर हुँदा हतारहतार २५ मिटर बाटो जथाभावी ढलान गरेका छन् ।'

स्थानीय बन्दना झाले रोक्दा रोक्दा समेत दिउँसै ठेकेदारले माटोमै जेनतेन ढलान गरेको गुनासो गरिन् ।

सडक डिभिजन कार्यालय जनकपुरको एक रोड रुपैयाँ बजेटबाट यो सडक ढलान कार्य भइरहेको छ। सडक डिभिजनका सूचना अधिकारी एवं सो ढलानको साइट हेर्ने जिम्मा पाएका इन्जिनियर दुर्गा प्रसादका अनुसार रामेश्वर निर्माण सेवा, धनुषाधामले ५३२ घनमिटर बाटोमा आरसिसी ढलान गर्न १४ असार २०७८ मा भ्याटसहित १ करोडमा टेण्डर मार्फत सम्झौता भएको थियो। अहिलेसम्म निर्माण कम्पनीले ४४३ घनमिटर आरसिसी बाटो ढलान गरिसकेको कार्यालयले जनाएको छ। असार मसान्त भित्रै उसले बाँकी काम सक्नु पर्नेछ । आर्थिक मसान्तको अन्तमा काम सुरु गरेर हतारमा निर्माण कम्पनीले कमसल काम गरिरहेको छ । सोमबार जस्तै मंगलबार बिहानै ठेकेदारले पालिका कार्यालयसंगै पश्चिम जनकपुर ढल्केवर सडक खण्ड जोडिएको सडकमा ढलान थालेपछि स्थानीयले रोकेका छन् । निर्माण कम्पनीले जथाभावी कमसल काम गर्दा मात्र ४ किलोमिटरको दुरीमा रहेका डिभिजन कार्यालयका अधिकारीहरु मुकदर्शक बनेका छन् । गाउँपालिका कार्यालयका जनप्रतिनिधी त झन् त्यही सडकबाट आउजाउ गर्छन् । तर चुँइक्क बोल्दैनन् ।

जनप्रतिनिधि सडक डिभिजनको कर्मचारी मिलेमतोमा यस्तो गुणस्तरहीन काम भइरहेको स्थानीयको आरोप छ । 'गाउँपालिका अगाडीमै यस्तो काम हुँदा जनप्रतिनिधि एक शब्द नबोल्नु, नरोक्नुको कारण के हो ? सबैको मिलेमतोमा भइरहेको छ' स्थानीय मोहन साह भन्छन् ।

सडक ढलान हुन थालेपछि बिहानै वडा नं. ७ का वडाध्यक्ष गंगा साह त्यहाँ पुगेका थिए । तर स्थानीये गुनासो गरेपछि उनी केही प्रतिक्रिया नै नदिइ त्यहाँबाट हिँडेका थिए । त्यो सडक उनको वडा नं. ७ को वडा कार्यालयको सामुन्ने पर्छ । जवकी यो बाटो बनाउन सडक डिभिजनले गाउँपालिका र वडा कार्यालयसित समन्वय समेत गरेको छ। वडाध्यक्ष साहले पालिका प्रमुख भोगेन्द्र मिश्रसंग समन्वय गरेको प्रतिक्रिया दिँदै आफू व्यस्त रहेको फोनमा प्रतिक्रिया दिए ।

पालिका प्रमुख झा सो बाटो गुणस्तरहीन काम भइरहेकाले रोकेको स्थानीयबाट जानकारी पाएको बताए । 'वडाले काम गर्ने सिफारिस दिएको छ । के कति इस्टिमेट छ, मलाई थाहा छैन' पालिका प्रमुख झाले काम भइरहेको नदेखे झैं भने 'म अर्को बाटो भएर आउँछु । अरुले आज गुणस्तरहीन काम भइरहेको जानकारी पाएँ ।'

उनले अर्को बाटो प्रयोग गरी आउने जाने गरेको प्रतिक्रिया दिएर ढाँटे पनि ढलान भइरहेको बाटोमा नटेकी कार्यालय आउन जान भने सकिने विकल्प नै छैन । गाउँपालिका कार्यालयकै अगाडी भइरहेको जथाभावी गुणस्तरहीन

*बाँकी पृष्ठ ३ मा*

# रेल्वेमा मुआब्जा विवाद : निर्धारित मुआब्जा दिन आलटाल



**खबर दर्पण समाचारदाता**

**असार १३ गते, बर्दिवास**

जनकपुरधाम हुँदै बर्दिबास विस्तार हुने रेल्वेमा मुआब्जा विवाद देखिएको छ । मुआब्जा निर्धारण समितिको निर्णय अनुसार मुआब्जा दिन नेपाल रेल्वे कम्पनीले आलटाल गरेको पाइएको छ ।

मंगलबार धनुषा मिथिला नगर पालिका-९ लालगढको किसानहरुले मुआब्जामा कम्पनीका महा-प्रवन्धक निरञ्जन झाले मनोमानी गरेको भन्दै किसानहरु धर्ना दिए। साविक बेंगाडाबर ७ 'क' को करीब दुई बिघा जमिन रेल्वे मार्गमा परेको छ। जिल्ला प्रशासन कार्यालय धनुषाले ०७८ भदौ ९ गते सो जग्गाको मुआब्जा र दररेट निर्धारण गरेका थिए। सोही निर्णय अनुसार नभएर अहिले घटाएर मुआब्जा दिन लागेको सविन सापकोटाले बताए । 'मुआब्जा निर्धारण समितिले गरेको मूल्यांकन र निर्णय अनुसार हाम्रो जग्गा १२ नम्बरमा पर्छ,'उनले भने,'तर हामीलाई अहिले २३-२४ नम्बरमा पर्छ भन्छन् । त्यतिबेला हामीलाई केही भनेन्, अहिले भुक्तानी घटाएर दिइरहेको छ।' यहाँका १३ जना किसानले रेल्वेको जनकपुर धाम कार्यालयमा मुआब्जा निर्णय वर्गीकरण नम्बर यकिन गरिदिनका लागि निवेदन दर्ता गराएका छन् । सबैभन्दा कम मूल्यांकन गरेर मुआब्जा दिन लागेको उनको भनाइ छ । 'हामीलाई १८ महिनादेखि दौडधुप गराइरहेका छन् । महाप्रवन्धकको नियत नै सफा छैन्,'उनले भने,'पटक-पटक जिल्ला प्रशासन लगायत ठाउँमा मौखिक सहमति गरे पनि मुआब्जा निर्णय अनुसार दिन मानेका छैनन् ।' यी किसानहरुले कम्पनीसँग लिखित रुपमा मुआब्जा निर्णय वर्गीकरण नम्बर माग गरेका छन् । सो कागजात लिएर अदालत जाने पनि उनीहरुको तयारी छ ।

नेपाल रेल्वे कम्पनी जनकपुर धामका कर्मचारी रमेश कुमार यादवले जिएमको निर्देशन अनुसार निवेदनमा तोक लगाएर प्राविधिकमा पठाइदिएको जानकारी दिए । लिखित कुरा हाकिम आएपछि हुने उनले बताए। 'उहाँहरुलाई चित्त बुझेको छैन्। उहाँहरु सिडियो कार्यालयमा पनि जानु भएको छ,'उनले भने,'तर त्यही ठाउँमा अन्य किसानहरुले मुआब्जा लिइरहेको उनले बताए ।' सोही रेल्वेमार्गमा पर्ने महोत्तरी खोल्सीपैनीको १५ लाख प्रति कट्ठा दिनुपर्नेमा दश लाख मात्रै दिइएको छ । जिल्ला प्रशासन कार्यालय महोत्तरीले निर्धारण गरेको मुआब्जा दर रेट अनुसार नदिइ आफ्नै हिसाबले वितरण गरेको थियो ।

# आलु प्याज व्यवसायीको प्रदर्शन




**जनकपुर**/जनकपुरधाममा आलु प्याज व्यवसायीले प्रदर्शन गरेका छन् । सरकारले आलु र प्याजमा लगाएको १३ प्रतिशत भ्याट खारेजीको माग गर्दै आलुप्याज व्यवसायी प्रदर्शन गरेका हुन्

जनकपुरको पेठिया बजारबाट दर्जनौंको संख्यामा निस्केका आलुप्याज व्यवसायी हातहातमा आलु प्याजमा सरकारले लगाएको १३ प्रतिशत भ्याट खारेज गर, खुल्ला नाका बन्द गर लेखिएको ब्यानर र प्ले कार्डसहित प्रदर्शन गरेका थिए। प्रदर्शन जनकचोकमा पुगेर कोणसभामा परिणात भएको थियो ।

*बाँकी पृष्ठ ३ मा*

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# असारे विकास रोकिनुपर्छ

कानुनमा असार महिनाको १० गते 'भित्र' भन्ने शब्द राखिएकाले असार बाहेक अन्य महिना हुन नसक्ने कुरा स्पष्ट भएपनि गतेको सन्दर्भमा १० गते सम्मको जुनसुकै गते हुन सक्ने अवस्था रहेको छ । यस्तो परिदृश्यमा पहिलो बजेट पेश गरेको उपाधि प्राप्त गर्न खोज्ने स्थानीय तहहरुले आगामी वर्षहरुमा १ गते नै प्रतिस्पर्धाका नाममा केबल बजेट अधिवेशनको ब्यानर झुन्डियाई गाउँ वा नगर सभाको नाटक मञ्चन गर्न खोज्ने प्रवृति बढदै जान सक्ने कुरा पनि ठाढै अस्वीकार गर्न सकिदैन । राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा आवधिक योजना, मध्यकालिन खर्च संरचना र बजेट तर्जुमा सम्बन्धी प्रक्रियागत व्यवस्था गरिएको छ । स्थानीय तहको बजेट निर्माणका लागि मार्गदर्शक पथका रुपमा रहेको यस दिग्दर्शनमा बजेट निर्माणका ७ चरणमा २४ कार्य गर्नुपर्ने प्रावधान राखिएको छ । जस अन्तर्गत पहिलो चरणमा बजेटको पूर्व तयारी सम्बन्धी कार्य मंसिर मसान्त भित्र नै शुरु गरी दोस्रो चरणमा श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण, तेस्रो चरणमा बस्ती/टोल स्तरबाट योजना छनोट, चोथौं चरणमा वडा स्तरीय योजना प्राथमिकता निर्धारण, पाँचौं चरणमा एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा, छैठौं चरणमा असार १० गते भित्र कार्यपालिकाबाट स्वीकृति र सभामा पेश, सातौं अर्थात अन्तिम चरणमा असार मसान्त भित्र सभाबाट स्वीकृति र राजपत्रमा प्रकाशन गर्ने र साउन १५ गते भित्र बजेट पुस्तिका तयारी तथा छपाई गर्ने कानुनी व्यवस्था रहेको छ । नेपालको संविधानको धारा २३२ मा तीन तहको सरकार सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा सञ्चालन हुने परिकल्पना गरिएकाले तीन तहको बजेट निर्माणको विषय पनि एक अर्कासंग अन्तर सम्बन्धित बन्न पुगेको छ ।

बजेटका लागि स्थानीय तहले पाउने अनुदान र राजश्व बाँडफाँड तथा रोयल्टीको सीमा र मार्गदर्शन संघबाट फागुन र प्रदेशबाट चैत मसान्तभित्र प्राप्त गर्ने प्रावधान रहेको छ। तर तत् तत् सरकारको बजेट पेश हुने समयमा मात्र यस्ता जानकारी स्थानीय तहले प्राप्त गर्ने गरेको वर्तमान यथार्थ रहेको छ । संघ र प्रदेशबाट भएको यस्तो कानुनी व्यवस्थाको बेबास्ताका कारण कतिपय स्थानीय तहले प्रदेश सरकारको बजेट आउने दिन अर्थात् असार १ गते सम्म कुनै प्रक्रिया नै नबढाई हातमा दहि जमाएर बसिरहेको देखिन्छ । स्थानीय तहले बजेट तर्जुमाका लागि बजेटको पूर्व तयारी देखि राजपत्रमा प्रकाशन सम्मको कार्यक्रम रहेको मंसिर देखि असार मसान्तसम्मको ८ महिने कार्यतालिका नै रहेको छ । तर तीनै तहको सरकारको नजर अन्दाजका कारण यस्तो कानुनी व्यवस्थाको उल्लंघन हुँदै आएको छ ।

यसका लागि तिनै तहका सरकारले जिम्मेवारी लिनु नै पर्ने हुन्छ । स्थानीय तह 'जनताको घर आँगनको सरकार' भएकाले टोल/बस्तीबाट योजना छनौट हुनुपर्ने मान्यता समेत राखिएको देखिन्छ जसको व्यवहारिक प्रयोग न्यून रुपमा हुने गरेको छ ।

# किन बन्दैन चुरे बचाउने 'चुरे ऐन' ?

देवेन्द्र बस्नेत

नेपालको चुरे माथि भैरहेको दोहन नियन्त्रणका लागि चुरे विज्ञहरु 'चुरे ऐन' निर्माणलाई अपरिहार्य मान्छन्। ऐन निर्माण भए चुरे माथि भैरहेको दोहन नियमन गर्ने बलियो निकाय खडा हुने र यो निकायले ऐनमा टेकेर कारवाहीको प्रकृया प्रारम्भ गर्न सक्ने उनीहरुको बुझाई छ।

यसो हुन सके चुरे माथिको दोहन नियन्त्रण हुने र चुरे क्षेत्र व्यवस्थित बन्ने तर्क गर्दै चुरेविज्ञ डा. बिनोद भट्ट भन्छन् 'चुरे ऐन निर्माण नभए यहाँ भैरहेको दोहन नियमन गर्ने बलियो निकाय बन्दैन, जब सम्म नियमन गर्ने अधिकार सहितको बलियो निकाय खडा हुँदैन तब सम्म चुरेमाथिको दोहन रोकिन्न।'

चुरे माथिको आक्रमण रोक्नका लागि चुरे विज्ञहरुले आवाज उठाउन थालेको अहिले मात्रै हैन। वर्षौ देखि चुरेको आवाज उठाउँदै आएका जानकारहरुले यसका लागि मस्यौदा समेत तयार पारे। तर सरकार भने ऐन निर्माणका सन्दर्भमा अहिले सम्म उदासिन रहँदै आएको छ।

वातावरण संरक्षण ऐनको दफा १० को उपदफा १ अन्तर्गत २०७१ असार २ गते राष्ट्रपति तराई मधेश चुरे संरक्षण विकास समिति गठन भयो। यो समितिको अध्यक्षमा पूर्व अर्थ सचिव रामेश्वर खनाल चुनिए। खनाल नेतृत्वको यो समितिलाई तत्कालीन सुशील कोइराला नेतृत्वको सरकारले चुरे संरक्षणको गुरुयोजना बनाउन एक वर्षको समय अवधि दियो। गुरुयोजना बनाउने अधिकार पाएको समितिले चुरे संरक्षणका लागि चुरे ऐन निर्माणलाई अपरिहार्य देख्यो। 'हामीहरुले चुरे संरक्षणका लागि गुरुयोजना निर्माणको समयावधि १ वर्षको पायौं,' खनालले नागरिकसंग भने 'यो बेला हामीहरुले चुरे संरक्षणका लागि चुरेकै छुट्टै ऐन निर्माण गर्नु पर्ने देख्यौं।'

चुरे ऐन निर्माण गरेर चुरे संरक्षण गर्ने योजना बनाएको समितिले चुरे ऐनको ड्राफ्ट समेत तयार पार्यो। यो ड्राफ्ट (ऐनको मस्यौदा) वन मन्त्रालयमा बुझायो पनि। तर सरकार फेरबदल भएपछि महेश आचार्य वनमन्त्रीबाट मुक्त भएपछि नयाँ वन मन्त्रीका रुपमा माओवादीका अग्नि सापकोटा प्रवेश गरे। 'अहिले पनि हामीहरुले बुझाएको मस्यौदा वन मन्त्रालयमै थन्कीएको छ,' खनाल भन्छन् 'सरकार फेरबदल भएपछि ऐन कार्यान्वयनको बाटो बन्द भयो।' उनका अनुसार समितिले ०७२ कात्तिकमा चुरे ऐनको मस्यौदा तयार पारिसकेको थियो।

यसै मस्यौदामा केन्द्रीत रहेर चुरे क्षेत्रका निर्वाचन क्षेत्रबाट निर्वाचित सांसदहरुलाई छलफल गराउने योजना समेत समितिको थियो। सांसदहरुसंगको छलफल पछि मन्त्री परिषदबाट मस्यौदालाई पास गर्ने भन्ने तयारी समितिको थियो। 'हामीहरुले तयार पारेको मस्यौदा चुरे क्षेत्रबाटै निर्वाचित सांसदहरुलाई राखेर छलफल गर्ने र परिमार्जन सहित त्यसलाई अन्तिम रुप दिने भन्ने हाम्रो योजना थियो,' खनाल भन्छन् 'परिमार्जन सहित तयार भएको मस्यौदालाई मन्त्री परिषदबाट पास गराउने भन्नेमा हामीहरु थियौं।' तर भर्खरै वनमन्त्रालयमा प्रवेश गरेका माओवादीका सापकोटाले ऐन निर्माणका सबै प्रकृयाहरु बन्द गरिदिए। 'हामीहरुले सांसदहरु संग छलफल गर्न पनि पाएनौं, त्यो बेलाका वनमन्त्री (सापकोटा)ले यो छलफलको आवश्यक्ता छैन भनिदिएपछि छलफल गर्ने वातावरण पनि भएन,' खनालले भने 'मन्त्री परिषदबाट यसलाई पास गराउने तयारी भैसकेको मस्यौदा बिचमै रोकिन पुग्यो।'

चुरे ऐन निर्माणमा वन मन्त्री अनिच्छुक देखिएपछि समितिका तत्कालीन अध्यक्ष खनालले तत्कालीन वनमन्त्री सापकोटालाई पटक पटक भेट्ने प्रयास समेत गरेका थिए। भेटमा चुरे संरक्षणका लागि चुरे ऐन निर्माण अपरिहार्य भन्दै खनालले सापकोटालाई फकाउन चाहन्थे। तर एक महिनासम्म प्रयास गर्दा पनि खनालले मन्त्रीको भेट पाएनन्। 'ऐन निर्माणको काम उहाँबाट रोकिने भएपछि मैले उहाँलाई भेटेर यो मत्वपूर्ण बिषयमा कुरा गर्छु भन्ने सोचैं, उहाँलाई भेट्न खोजें,' खनाल भन्छन् 'तर एक महिना सम्म मैले भेट्न प्रयास गर्दा पनि उहाँले मलाई भेटका लागि समय दिनु भएन, अनि चुरे ऐन निर्माणका सवालमा असफल जस्तै बनें।' लगत्तै खनालले यो समितिको अध्यक्षबाट राजीनामा दिएका थिए। 'जुन निकायमा बसेर गरिनु पर्ने काम हुँदैन, अवरोध सृजना हुन्छ भने म त्यहाँ बस्नु जरुरी थिएन,' खनालले भने 'अनि म यो समितिबाट बाहिरिएँ।' खनालका अनुसार यदि सापकोटा सकारात्मक भैदिएको भए चुरे ऐन त्यति बेलै पास भैसकेको हुन्थ्यो।

राष्ट्रपति तराई मधेश चुरे संरक्षण विकास समितिको पहिलो कार्यकालका बेलादेखि निर्माण गर्न प्रयास गरिएको चुरे ऐन अहिले सम्म पनि बन्न सकेको छैन। तत्कालीन समितिका अधयक्ष खनालले यसमा कुनै स्वार्थ समूह जोडिए नजोडिएको बारे केहि अनुमान गर्नै नसक्ने बताउँछन्। तर यो स्वार्थ समूह भन्दा पनि सरकारको ईच्छा शक्तिमा भर पर्ने बिषय भएको उनको भनाइ छ। 'यसमा कुनै निहित स्वार्थ समूह जोडिएको भनेर मैले अनुमान गर्न सक्दैन,' खनाल भन्छन् 'तर सरकारको ईचछा शक्तिमा भर पर्ने कुरा हो यो, सरकारले चाह्यो भने ऐन निर्माण हुन्छ, यसमा त शंकै रहने कुरा भएन।'

चुरे संरक्षणका लागि एक मात्रै विकल्प चुरे ऐन निर्माण नै भएको खनालको बुझाइ छ। 'चुरे संरक्षणका लागि अलग कानुनी अधिकार चाहिएको छ, चुरे मास्ने काम गर्नेहरुलाई कारवाही हुनु पर्यो नि, के कारवाही कस्तो कारवाही भनेर त ऐनले तोक्ने कुरा हो,' उनले भने 'यसर्थ ऐन बनाएर अहिलेकै चुरे बोर्डलाई कानुनी अधिकार सहितको संयन्त्रका रुपमा निर्माण गरिनु पर्छ भन्ने मेरो बुझाई हो।' उनले सरकार परिवर्तन संगै मन्त्री फेरबदल हुने क्रम चलिरहने भएकाले पनि ऐन निर्माणको कामले गती लिन नसक्ने बताए।

झण्डै ८ वर्ष अघि चुरे ऐन निर्माणका लागि थालिएको प्रयासलाई बेवास्ता गरेको सरकारले चुरे ऐन निर्माणको पाटोलाई अहिले पनि सकारात्मक लिने संकेत सरकार स्वयंकै नियतले प्रष्ट देखाई दिएको छ। उसले नेपालको ढुंगा गिट्टी बालुवा निर्यात गर्ने भन्दै नीति तथा कार्यक्रम एवं बजेटमा उल्लेख गरेकाले ऐन निर्माण गरेर नेपालको चुरेलाई भारत निर्यात गर्ने बाटो बन्द गर्न नचाहने चुरे विज्ञहरुको बुझाई छ। 'चुरे ऐन बन्यो भने सबै भन्दा पहिला त यहाँको चुरे भारत निर्यात हुन पाउँदैन, यसले पनि चुरेलाई धेरै सेभ गर्छ,' चुरेविज्ञ डा. विनोद भट्ट भन्छन् 'तर सरकारले यहाँको ढुंगा गिट्टी त निर्यात गर्ने भनेको छ, ऐन बनायो भने त चुरे उत्खनन् गरेर भारत निर्यात गर्ने सरकारको योजना बिफल बन्ने हो नि, अनि किन चुरे ऐन बनाउन सरकार सकारात्मक हुन्छ?'

चुरे ऐन निर्माण गर्ने प्रकृयाको पहिलो निकाय भनेकै वन मन्त्रालय हो। वन मन्त्रालयले निर्णय गरेर ऐन निर्माणका लागि मन्त्री परिषदबाट निर्णय गराउन मन्त्री परिषदमा निर्णयार्थ पठाउनु पर्छ। तर विज्ञहरुले भने वन मन्त्रालयकै ईच्छा शक्ति नहुँदा ऐन निर्माण हुन नसकेको बताउँछन्। 'यसमा सबै भन्दा बढि भूमिका भनेकै वन मन्त्रालयको हो,वन मनत्रालयले चाहेन भने ऐन बन्ने कुरा हुँदैन,'अर्का विज्ञ डा.विजय सिंह भन्छन् 'तर विगत देखिनै वन मन्त्रालयले ऐन निर्माणका लागि चासो देखाएको पाइएन।' उनका अनुसार चुरे माथिको अधिकार आफूले मात्रै पाउनु पर्छ भन्ने मानसिकता वन मन्त्रालयले बोकेको छ। तर चुरे क्षेत्र वन क्षेत्रभित्र मात्रै छैन। 'वन क्षेत्र भित्र मात्रै त चुरे पर्दैन, भारतीय सीमा क्षेत्र सम्म

*बाँकी पृष्ठ ३ मा*


## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१–५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# प्रचण्डको त्यो चाल, जसले गठबन्धनमा चिरा पार्ने एमालेको प्रयास भएन सफल



**खबर दर्पण समाचारदाता**

**असार १३ गते, काठमाडौं**

पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले ल्याएको बजेट बहुमतबाट पारित भएको छ।

सत्तारुढ गठबन्धनभित्र विभाजनको संकेत देखिएको विश्लेषण भइरहेका बेला असार १३ गते बजेट पारित गर्ने समय सरकारले तय गरेको थियो।

बजेटप्रति सत्ता गठबन्धनकै दलहरु जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी असन्तुष्ट थिए। सरकारलाई समर्थन गरेको जनमत पार्टी पनि रुष्ट थियो।

त्यसैले पहिलो पटक मतविभाजन हुँदा बजेट पारित होला कि नहोला भन्ने अन्यौल थियो।

सोही कारण हुनुपर्छ, संसद् बैठक बस्नु अघिल्लो दिन (असार १२) 'बजेट पासका पक्षमा मतदान' गर्न कांग्रेस, माओवादी र लोसपाले सांसदहरुलाई ह्विप लगाइसकेका थिए।

बुधबार बिहान ११ बजेदेखि (असार १३, २०८०) सुरु संसद् बैठकमा सत्तारुढ दलका सांसद समयमै संसद् भवन नयाँ बानेश्वर पुगे।

बजेट पारित भएपछि ओली : सरकारमाथिको विश्वास घट्यो, ९९ बाट ५३ प्रतिशमा झऱ्यो

बैठक सुरु भएपछि प्रमुख प्रतिपक्षी सांसदहरुले विभिन्न विषयमा प्रधानमन्त्रीमाथि प्रश्नको वर्षा गरे। सम्भवतः पहिलो पटक कुनै पनि प्रधानमन्त्रीले संसदमा यति धेरै प्रश्नको सामना गर्नुपरेको थियो।

प्रचण्डले प्रायः सबै प्रश्नको जवाफ दिए। उनका जवाफ चित्त नबुझेर एमालेका केही सांसदले प्रतिपश्न गर्न चाहेका थिए। तर, सभामुख देवराज घिमिरेले समय दिएनन्।

एकचरणको प्रश्नोत्तर सकिएपछि अर्थमन्त्री डा. प्रकाशशरण महतले विनियोजन विधेयक २०८० पारित गर्न निर्णयार्थ पेस गरे।

सुरुमा सभामुख घिमिरेले ध्वनि मतले विनियोजन विधेयक पारित भएको घोषणा गरेका थिए।

तर, प्रमुख प्रतिपक्षी एमालेका सचेतक महेश बर्तौलाले ध्वनिमतका आधारमा पारित गर्न नहुने भन्दै मतदान प्रक्रियाको माग गरे।

ध्वनि मतको निर्णय स्थगित गर्दै सभामुख घिमिरेले बर्तौलाले उठाएको विषय सम्बोधन गर्ने निर्णय लिए र मत विभाजनबाट निर्णय गर्ने सुनाए।

त्यसपछि सुरु भयो मत विभाजन। अर्थात् मतदान प्रक्रिया। एमालेले मतविभाजन माग्नुको खास कारण छ।

माथि नै चर्चा गरियो, सरकारको नेतृत्व गरेको माओवादीसँग एक्लै सरकार चलाउन पुग्ने मत छैन। ३२ सांसद रहेको उसले कांग्रेस, एकीकृत समाजवादी, जसपा, लोसपा, नागरिक उन्मुक्ति पार्टीसँग मिलेर गठबन्धनबाट बहुमत पुऱ्याएर सरकार चलाइरहेको छ।

तर, सरकारले ल्याएको बजेटप्रति सरकारमै रहेका दलहरु रुष्ट रहेको देखेपछि एमालेले गठबन्धनको अवस्था बुझ्न मतविभाजन माग गरेको पूर्वसभामुख दमननाथ ढुङ्गानाले विश्लेषण गरे।

'गठबन्धनभित्र चिराचिरा परेको छ कि भनेर एमालेले जाँच्न मत विभाजन मागेको हो,' ढुङ्गानाले नेपालखबरसँग भने, 'तर, गठबन्धन एकढिक्का देखियो।'

कुनैपनि दलसँग बहुमत भएको बेला बजेटमाथिको निर्णय ध्वनि मतका आधारमा गरिने र एउटै दलसँग बहुमत नभए मतविभाजन माग्ने पुरानै अभ्यास भएको उनको भनाइ छ।

'अहिले ३२ सिटको माओवादीले सरकारको नेतृत्व गरेको छ, ऊ एक्लैसँग बहुमत छैन, यस्तो बेला गठबन्धनबाट बहुमत पुऱ्याएर सरकार बनाइएको हो,' उनले थपे, 'बजेट पास हुँदैन कि भन्ने थियो, सरकारलाई कमजोर पार्ने एमालेको योजना हुनसक्छ।'

'हरेक बजेटको निर्णय प्रक्रिया हुन्छ, हुन्न नै हो, यसपटक एमालेले गठबन्धनभित्र बहुमत नभएको अनुमान गरेर मतविभाजन माग्यो, जसमा ऊ सफल भएन,' ढुंगानाले भने।

मतदान प्रक्रियाबाट पनि विनियोजन विधेयक बहुमतले पारित भएको छ। अर्थात् सरकारले ल्याएको बजेट पारित भएको छ।

तर, यसका लागि प्रधानमन्त्री प्रचण्डले निकै कसरत गर्नुपरेको थियो। उनले सत्ता सहयात्री दलहरुलाई आश्वस्त पार्न विभिन्न प्रयास गरेका थिए।

उनले जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउतलाई टेलिफोन गरेर सघाउन आग्रह गरेका थिए। जसपाको दलको बैठक बसिरहेका बेला त्यहीँ पुगेर बजेट आफैँले मिलाउने प्रतिबद्धता जनाएका थिए। एकीकृत समाजवादीका सांसदलाई पनि विश्वस्त पारेका थिए- 'माग सम्बोधनको लागि आफैँ पहल गर्छु।' प्रधानमन्त्रीले विश्वस्त पारेपछि ढुक्क देखिएका एकीकृत समाजवादी र जसपाले बजेटका पक्षमा मतदान गर्न सांसदलाई ह्विप लगाए।

त्यही कारण संसदमा बजेटका पक्षमा बहुमत जुट्यो। संसदमा उपस्थित कुल २५५ सांसदमध्ये १४७ ले बजेट पारित गर्ने पक्षमा मत दिए भने विपक्षमा १०८ मत खस्यो।

बहुमतले बजेट पारित भएसँगै सत्ता गठबन्धन एक ढिक्का देखिएको छ। यसले गठबन्धनमा चिरा पार्ने एमालेको दाउ भने सफल भएन।

गठबन्धनका सबै दलले पक्षमा मत दिएका छन्। जनमत पार्टीले भने बजेटप्रति तीव्र असन्तुष्टि जनाएर समर्थन नगर्ने निर्णय गरेको थियो। निर्णय अनुसार उसले संसद् बैठकमै उपस्थिति जनाएन।

# के पास भइसकेको बजेट सच्याउन सम्भव छ?



**दिपक भट्ट**

**असार १३ गते, जनकपुर**

आगामी आर्थिक वर्षको बजेट प्रतिनिधि सभाबाट पास भएको छ। मतदान प्रक्रियाबाट बजेट बहुमतले पास भएको हो। अर्थ मन्त्रालयले बजेट कार्यान्वयनको कार्ययोजना अहिले निर्माण गरिरहेको छ।

तर, कार्ययोजना अनुसार कार्यान्वयन अघि बढाउन भने अर्थमन्त्री प्रकाशशरण महतलाई गाह्रो पर्ने देखिएको छ। किनभने सत्ता गठबन्धनमा सामेल दलका सांसदहरुले न बजेट पास भएपछि मिलाइदिने आश्वासन पाएपछि मात्र बजेटको पक्षमा मतदान गरेको बताएका छन्।

नेकपा (एकिकृत समाजवादी) पार्टीका नेता तथा सांसद मेटमणि चौधरी बजेट पास भए पनि संशोधनको प्रक्रिया भने नरोकिएको बताउँछन्।

उनी भन्छन्, 'बजेट असन्तुलित रुपमा आएको हो। त्यसलाई सच्याउने र केके विषयहरु सम्बोधन गर्नुपर्ने छन् त्यो समावेश भएर अघि बढ्ने प्रतिबद्धता भएको छ। त्यही अनुसार अघि बढ्छ।'

बजेट सच्याउन सकिने ठाउँ कहाँकहाँ छन्, हेरेर सम्बोधन गर्ने प्रतिबद्धता सरकारका तर्फबाट आएको उनको भनाइ छ।

अर्थ मन्त्रालयले भने अहिले विनियोजन भएका बजेट कार्ययोजना र राजस्वको लक्ष्य भेट्टाउने योजनाहरु निर्माण गरिरहेको छ। तर, अर्थमन्त्रीले असन्तुष्ट बनेका सत्तापक्षका नेताहरुको मागलाई सम्बोधन गर्दै बजेट परिवर्तन गर्नुपर्ने अवस्था छ।

बजेटमा समावेश ४ विधेयक अब ऐन बन्दै छन्। जसमा विनियोजन ऐन, आर्थिक ऐन, राष्ट्र ऋण उठाउने ऐन, र ऋण तथा जमानत ऐन छन्।

जसमध्ये अहिले धेरै सच्याउनको लागि माग भएको विनियोजन ऐन हो।

यसलाई सच्याउन र विनियोजित कार्यक्रमहरु समेत रोक्न सकिने कानुनी आधारहरु भने रहेको पूर्वअर्थसचिव रामेश्वर खानाल बताउँछन्।

बजेटमा तयारी नभएका, कार्यान्वयनमा लैजान नसक्ने आयोजनाहरु बजेटरी सिस्टममा नपारिने विषय यसै पटकको बजेट वक्तव्यमा नै उल्लेख छ।

त्यस्तै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ मा नै पूर्वतयारी भएका आयोजनाहरु अघि बढाउने विषय उल्लेख छ। अर्थात्, जग्गा अधिग्रहण, रुख कटानी, बस्ती व्यवस्थापनजस्ता काम गरि सकेपछि मात्रै त्यो आयोजना बजेटमा प्रवेश गर्छ।

यदि त्यस्तो तयारी पूरा भएका आयोजना छन् भने त्यसमा बजेट राख्न सकिने पूर्वसचिव खनाल बताउँछन्।

उनी भन्छन्, 'ऐन बमोजिम नै नयाँ आयोजना समावेश गर्न पाइन्छ। यदि त्यस्तो तयारी नै नभएका आयोजनाहरु छन् भने चाहिँ राख्न मिल्दैन। तयारी पूरा भएको र अहिले बजेटमा समावेश छैन भने त्यसलाई कार्यान्वयनमा अघि बढाउन सक्छ।'

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २० उपदफा ४ मा विनियोजन ऐन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने स्रोतमा रहेको रकम अर्को स्रोतमा स्रोतान्तर गर्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार अर्थ मन्त्रालयलाई हुने उल्लेख छ।

यस विधिअनुसार समेत अर्थमन्त्री महतले आयोजनाहरुको बजेट थपघट गर्न सक्नेछन्।

यो ऐनको दफा २० उपदफा १ मा विनियोजन ऐनमा तोकिएको कुनै एक उपशीर्षकमा रकम अपुग भएमा अर्को आयोजनाको बचत हुने रकम मध्येबाट विनियोजन ऐनको सीमाभित्र रही रकमान्तर गर्न सकिने उल्लेख छ।

तर केही सांसदहरुले उठाएजस्तो समानुपातिक बजेट वितरण भने सम्भव नरहेको पूर्वसचिव खानाल बताउँछन्।

'सबै जिल्लामा बराबर गर्नको लागि आयोजना पनि हुनपर्यो नि। कुनै जिल्लामा ठूला आयोजनाहरु छन्, धेरै बजेट पर्छ, कुनै जिल्लामा ठूला आयोजना छैनन्, त्यहाँ कम बजेट पर्छ। समानुपातिक रुपमा जिल्लाहरुमा बजेट समावेश गर्ने विषय सुन्दा मात्रै राम्रो हो,' उनी भन्छन्।

# माटोमै आरसिसी...

कामले पालिका अन्तर्गत अन्य ठाउँमा कस्तो किसिमले विकासे काम हुन्छ भन्ने उदांगो पारेको छ।

इन्जिनियर दुर्गा प्रसादका अनुसार सडक डिभिजन र निर्माण कम्पनीसंग भएको सम्झौतामा आरसिसी ढलान गर्न १५ सेन्टिमिटर ग्राभेल, त्यसमाथि १२ एमएमको छड ओछ्याएर गुणस्तरीय सफा गिट्टी, बालुवा र सिमेन्टको मसालाले २० सेन्टिमिटर ढलान गर्नुपर्ने छ। ढलान सडकको चौडा अनुसार बढीमा साढे पाँच मिटरसम्म गर्नुपर्ने छ। निर्माणस्थलमा भने यो कुनै मापदण्डको पालना गरिएको छैन। स्थानीयले काम रोकेपछि सडक डिभिजनले तत्काल काम नगर्न ठेकेदारलाई निर्देशन दिएको छ। गुणस्तरहीन कामलाई सच्याउन र मापदण्ड अनुसार मात्र गर्न सडक डिभिजन जनकपुरका प्रमुख अरविन्द लाल कर्णले निर्देशन दिएका छन्।

उनले भइरहेको कामको तस्वीर देखेपछि गलत रहेको स्वीकारे। र तत्काल काम रोक्न निर्देशन दिए।

निर्माण कम्पनीका सञ्चालक विशेश्वर ठाकुरले दुई दिन यता भइरहेको काम विषयमा उनले अनभिज्ञता जनाए। 'मैले आज मात्र थाहा पाएँ। हुन लागेको कामलाई करेक्सन गरेर अगाडि बढाउँछु' उनले भने।

यसअघि पनि त्यही अनुसार काम भएको जनताको गुनासो रहेको भन्ने जिज्ञासामा ठेकेदार ठाकुरले असभ्य शब्दमा गाली नै दिए। काम गरेवापत निर्माण कम्पनीलाई सडक डिभिजन कार्यालयले ५५ लाख रुपैयाँ भुक्तानी दिइसकिएको जनाएको छ।

यसअघि गत वर्ष यसै योजना अन्तर्गत भएको आरसिसी ढलानको काम पनि यसरी नै कमसल सामग्री प्रयोग गरेर जथभावी गरेको स्थानीयको आरोप छ।

# किन बन्दैन चुरे बचाउने. . .

चुरे पर्छ,' उनले भने 'वन क्षेत्र भित्र पर्ने चुरे त वनले हेर्ला तर वन क्षेत्र बाहेक भारतीय सीमा क्षेत्र सम्मको चुरे कसले हेर्ने त? यसर्थ वनले चुरे माथी आफ्नो मात्रै अधिकार कायम गर्न खोज्नु गलत हो।' उनले समग्र चुरेको संरक्षणका लागि चुरे ऐन अपरिहार्य रहेको भन्दै यसो हुन सके मात्रै चुरे माथि भैरहेको दोहनको नियमन हुने बताए।

यता राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिले भने चुरे ऐन निर्माणको प्रकृया अगाडी बढेको दाबी गर्छ। राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका अध्यक्ष डा. किरण पौडेलले चुरे ऐनका लागि सहमती प्राप्त भैसकेको र अब ऐन निर्माणका लागि निर्णय हुने दाबी गरे। 'ऐन निर्माणको प्रकृया हुन्छ, समय लाग्छ,' उनले भने 'ऐन निर्माणका लागि सहमती पनि प्राप्त भैसकेको छ, अब प्रकृयागत ढंगबाट ऐन निर्माणको काम अघि बढ्छ।'-नागरीकन्युज

# आलु प्याज व्यवसायीको ...

कोणसभामा बोल्दै जनकपुर उद्योग बाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले जे कुरामा पनि भ्याट लगाउने कदमले सरकारसंग राज्य संचालनको कुनै योजना नै नरहेको तर्क गरे। आलुप्याजमा भ्याट लगाउँदा व्यवसायी र नागरिक ठूलो मारमा पर्ने भएपनि नागरिक समाज यो विषयमा आवाज नआउनु दुर्भाग्य रहेको उनको अध्यक्ष महासेठको तर्क छ।

बैकल्पिक रुपमा अर्थतन्त्र मजवुत बनाउने तिर नलागेर सरकार जनताको उपभोग्य हरेक समान्य खाद्य वस्तुमा कर लगाइरेका छन्। सीमामा तस्करी रोकन सरकारको ध्यान गएको छैनु उनले भने।

भ्याट थपेको कारण व्यवसायीको लगानी डुब्ने स्थिति आउँदा बाध्य भएर आन्दोलनमा उत्रेको आलु प्याज व्यवसायी संघ जनकपुरधामका अध्यक्ष अलाउदिन राइनले बताए। चाँडोभन्दा चाँडो आलुप्याजमा लगाएको भ्याट खारेज नगरे किराना, फलफुल, आलुप्याजको विक्रीवितरण बन्द गगरी सशक्त आन्दोलन गर्ने उनले चेतावनी दिए।

# औरही नगरपालिकाका कृषकहरूलाई विषादी छर्ने "स्प्रे" मेसिन वितरण



**धर्वेन्द्रकुमार यादव यदुवंशी**

**असार १३ गते, औरही, महोत्तरी**

औरही नगरपालिकाका कृषकहरूलाई विषादी छर्ने "स्प्रे" मेसिन वितरण गरिएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकारण परियोजना पकेट बिकाश कार्यक्रममा औरही नगरपालिका कृषि बिकास शाखाद्वारा स्प्रे मेसिन,हजारी,त्रिपाल,विभिन्न जातका तरकारी वीउ बिजन वितरण गरिएको हो।

दुई कृषक कुस्मि दाइ कृषक समूह श्रीपुर र जङ्गादिप कृषक समूह कबिलाशाका कृषक समुहलाई उन्नत खेति प्रबिधि अवधारणा सम्बन्धि एक दिने अभिमुखीकरण कार्यक्रममा कृषक समुहका ५२ जन कृषकहरूलाई नगर प्रमुख प्रदिप खडकाको हातबाट विषादी छर्ने "स्प्रे" मेसिन, हजारी,त्रिपाल,विभिन्न जातका तरकारी वीउ बिजन वितरण गरिएको हो । विषादी छर्ने मेसिन र स्प्रेयर,हजारी,त्रिपाल,विभिन्न जातका तरकारी वीउ बिजन प्रधानमन्त्री कृषि आधुनिकीकारण परोयोजना पकेट बिकाश कार्यक्रम अन्तर्गत औरही नगरपालिका ३ र ४ मा गठन गरिएको कृषक समूहका कृषकहरुको लागि प्याकेज ल्याएर खेतीपातीतर्फ आकर्षित गर्दै आएको नगरप्रमुख खड्काले बताए ।

नगरले कृषकलाई लक्षित गर्दै खेतखेतमा पानीको बन्दोवस्त, विउ विजन, अनुदानमा मलखाद्य, बिउविजन, प्रदान गरेर नगर कृषिमैत्री बन्दै गएको नगरप्रमुख खड्काले जानकारी दिए। औरही नगरपालिकाको दुई समुहका ५२ जना कृषकहरुलाई सो विषादी औषधि छर्ने "स्प्रे" मेसिन, हजारी,त्रिपाल,विभिन्न जातका तरकारी वीउ बिजन उपलब्ध गराएको नगर कृषि शाखा प्रमुख कबिता बिष्टले जानकारी दिईन् ।

सो विषादी छर्ने "स्प्रे" मेसिन हातबाट चलाउन मिल्ने किसिम र हजारी,त्रिपाल,विभिन्न जातका तरकारी वीउ बिजन वितरण गरिएको अधिकृत बिष्टले जानकारी दिईन् । सो कार्यक्रममा कृषि शाखाका कर्मचारी,संचारकर्मी तथा कृषकहरुको सहभागीता रहको थियो ।

# नागरिकता बनाउनेहरूको जिल्ला प्रशासन कार्यालयमा अत्यधिक भिड



**अजयकुमार झा**

**असार १३ गते, जनकपुर**

संशोधित नागरिकता ऐन अनुसार जिल्ला प्रशासन कार्यालय धनुषाले नागरिकता दिन थालेपछि अहिले कार्यालयमा भिड बढेको छ ।

जिल्ला प्रशासन कार्यालयले एक दिनमा १ सय जनालाई टोकन दिएपनि अहिले नागरिकता बारेमा बुझ्नका लागि भएपनि ठूलो सङ्ख्यामा सेवाग्राहीहरू आउने गरेकाले कार्यालय क्षेत्रमा सेवाग्राहीको अत्यधिक भिड देखिएको छ ।

जन्मसिद्ध नागरिकता पाएकाहरूको सन्तानहरूलाई वंशजको नागरिकता प्रमाणपत्र पाउनका लागि विभिन्न प्रमाण तथा घर बसोबास प्रमाणीकरणका लागि अनिवार्य गरेपछि अहिले वडा कार्यालयहरूमा पनि सिफारिस लिनेहरूको भिड बढेर गएको छ ।

जनकपुरधाम उपमहानगर पालिकाको वडा नं ८ का वडाध्यक्ष दिनेश कुमार सिंहले कुनै पनि गैर नेपालीले नागरिकता नपाउन् भन्ने तर्फ आफू सचेत भएको बताउँदै व्यक्तिको एकिन गरेपछि मात्र सिफारिस गर्ने गरेको बताउनुभयो ।

वडा कार्यालयहरूले बसोबास प्रमाणित गर्नका लागि कर्मचारी परिचालन गर्नुका साथै दुई जना छिमेकीको सनाखत गराउने काम गरेकाले गलत व्यक्तिले नागरिकता बनाउन सम्भावना न्यून रहेको धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी मुकेश कुमार श्रीवास्तवले जानकारी दिनु भयो । नागरिकता दिने क्रम फेरि त र ोकिने हो त्रास पनि जन्मसिद्धका सन्तानहरूलाई रहेकाले हतार हतार मा नागरिकता बनाउने प्रयास गरि रहेका छन् । विगतमा पनि खुलेर बन्द हुँदै आएको थियो । यस पटक प्रतिनिधि सभाबाट कानून नै संशोधन गरेर नागरिकता प्रदान गरिन थालेको छ ।

# आजदेखि जनकपुरधाममा प्रथम रामवृक्ष यादव स्मृति राष्ट्रिय कुस्ती प्रतियोगिता हुने

**खबर दर्पण समाचारदाता**

**असार १३ गते, जनकपुर**

जनकपुरधाममा बिहीबारदेखि प्रथम रामवृक्ष यादव स्मृति राष्ट्रिय कुस्ती प्रतियोगिता २०८० हुने भएको छ । जनकपुरधामस्थित कवर्ड हलमा कुस्ती प्रतियोगिता हुने अखिल नेपाल खेलकुद महासंघका केन्द्रीय सदस्य सुरेश शर्माले जानकारी दिए ।

राष्ट्रिय खेलकुद परिषद्को आयोजना तथा अखिल खेलकुद महासंघको व्यवस्थापनमा उक्त कुस्ती प्रतियोगिता हुन लागेको उनले बताए ।

प्रतियोगितामा ८ टिमका ६० जना खेलाडी सहभागी हुनेछन् । जसमध्ये ३ वटा टिम महिलाको र ७ वटा पुरुषको रहनेछ ।

कुस्ती प्रतियोगितामा महिला टिममा ५३, ५९ र ७२ केजी तौल समूहका र पुरुष टिममा ६१, ७० र ९७ केजी तौल समूहका खेलाडीहरूले भाग लिने आयोजकले जनाएको छ ।

प्रतियोगितामा सातै प्रदेशका सात टिमका साथै पुलिस, आर्मी र सशस्त्र गरी तीन र एक वटा धनुषाको होस्ट कुस्ती टिम भाग लिनेछन् ।


प्रतियोगितामा सहभागी टिमहरूमध्ये प्रथम हुनले गोल्ड, दोस्रोलाई शिल्भर र तेस्रोलाई ब्रोन्ज मेडल प्रदान गरिनेछ । त्यस्तै सहभागी टिमहरुलाई समेत मेडल र प्रमाणपत्र प्रदान गरिनेछ ।


## रुख रोपौं, वन जोगाऔं

- रुख रोपौं, वन जोगाऔं
- पानी मुहान, सिमसार, तालतलैयाको संरक्षण गरौं, जैविक विविधतालाई बाचय राखौं ।
- खाली जग्गाहरुमा वृक्षरोपण गरौं, जलवायु परिवर्तनका असर न्युनिकरणमा योगदान गरौं ।
- खोला किनारमा रुख रोपौं, नदी कटान बाढी रोकथाम गर्दै विपद् व्यवस्थापनमा सहयोग गरौं ।
- आफ्नो टोल, गाउँ नगर तथा सार्वजनिक स्थल सफा राखौं ।
- प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान गरौं ।
- प्लाष्टिक झोलाको सट्टामा वैकल्पिक झोलाको प्रयोग गरौं ।
- आफ्नो टोल घर गाउँ वन जंगलमा वृक्षरोपणका लागि आवश्यक विरुवा लिनका लागि नजिकैको डिभिजन वन र सब डिभिजन कार्यालयमा सम्पर्क गरौं ।

मधेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम


## डेंगी नियन्त्रणका तीन उपाय





बर्दिवास नगरपालिका
महोत्तरी



जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**सबैला नगरपालिका,**
**सबैला, धनुषा**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा